## पुरानो खाताको समाप्तिको निशानी

आज बापदादा साकार तनको आधार लिएर साकार दुनियाँमा, साकार रूपधारी बच्चाहरूसँग मिल्नको लागि आउनु भएको छ। वर्तमान समयको हलचलको दुनियाँ अर्थात् दु:खको वातावरण भएको दुनियाँमा बापदादाले आफ्ना अचल अडोल बच्चाहरूलाई देखिरहनु भएको छ। हलचलमा रहेर पनि न्यारा र बाबाको प्यारा कमल पुष्पहरूलाई देखिरहनु भएको छ। भयको वातावरणमा रहेर पनि निर्भय–यस्ता शक्ति स्वरूप बच्चाहरूलाई देखिरहनु भएको छ। यस विश्वको परिवर्तक बेफिक्र बादशाहहरूलाई देखिरहनु भएको छ। यस्ता बेफिक्र बादशाह हौ जुन चारैतिरको फिकरको वायुमण्डलको प्रभाव अंश मात्र पनि पर्न सक्दैन। वर्तमान समयमा विश्वमा अधिकांश आत्माहरूमा भय र चिन्ता, यी दुवै विशेष सबैमा प्रवेश छन्। तर जति उनीहरू भयमा छन्, चिन्तामा छन् त्यति नै तिमी शुभ चिन्तक छौ। चिन्तालाई परिवर्तन गरेर शुभ चिन्तकको भावना स्वरूप बनेका छौ। भयभीतको बदलामा सुखको गीत गाइरहेका छौ। यति परिवर्तन अनुभव गर्छौ नि! सदा शुभ चिन्तक बनेर शुभ भावना, शुभ कामनाको मानसिक सेवाले सबैलाई सुख-शान्तिको अंजुली दिनेवाला हौ नि! अकाल मृत्यु भएका आत्माहरूलाई, अकाल मूर्त बनेर शान्ति र शक्तिको सहयोग दिनेवाला हौ नि किनकि वर्तमान समयमा सीजन नै अकाल मृत्युको छ। जसरी वायुको, समुद्रको तुफान अचानक आउँछ, त्यसरी नै यो अकाल मृत्युको तुफानले अचानक र तेजीसँग एकै साथ अनेकलाई लैजान्छ। यो अकाल मृत्युको तुफान अहिले त सुरु भएको छ। विशेष भारतमा धार्मिक तथा जातीय युद्ध र प्राकृतिक प्रकोप, यिनै हर कल्प परिवर्तनको लागि निमित्त बन्छन्। विदेशको रूप-रेखा अलग प्रकारको छ। तर भारतमा यही दुई कुरा निमित्त बन्छन्। दुवैको परिक्षण देखि पनि रहेका छौ। दुवैले साथसाथै आफ्नो पार्ट खेलिरहेका छन्।

बच्चाहरूले सोधे– एउटै समयमा समुह मृत्यु कसरी र किन हुन्छ? यसको कारण के हो? यो त जानेका छौ र अनुभव पनि गर्छौ– अब सम्पन्न बन्ने समय नजिक आइरहेको छ। सबै आत्महरूको, द्वापरयुग वा कलियुगदेखि गरेको विकर्म तथा पापहरूको खाता जुन पनि बाँकी रहेको छ, त्यो अहिले नै पूरा समाप्त हुनु छ किनकि सबैलाई अब फर्केर घर जानु छ। द्वापरदेखि गरेको कर्म अथवा विकर्म दुवैको फल यदि एक जन्ममा समाप्त भएन भने अर्को जन्ममा पनि चुक्ताको वा प्राप्तिको हिसाब चलिरहन्छ। तर अहिले अन्तिम समय हो र पापहरूको हिसाब धेरै छ त्यसैले अब छिटो-छिटो जन्म र छिटो-छिटो मृत्यु भएर, यो सजायद्वारा अनेक आत्माहरूको पुरानो खाता खतम भइरहेको छ। त्यसैले वर्तमान समयमा मृत्यु पनि दर्दनाहक र जन्म पनि अधिकांशको धेरै दु:खले भइरहेको छ। न सहज मृत्यु न सहज जन्म छ। त्यसैले दर्दनाहक मृत्यु र दु:खमय जन्म, यी छिटो हिसाब-किताब चुक्ता गर्ने साधन भएका छन्। जसरी यो पुरानो दुनियाँमा कमिला, किरा, लामखुट्टे आदिलाई मार्नको लागि साधन अपनाएका छन् र ती साधनद्वारा एकै पटकमा कमिला वा लामुखुट्टे अथवा अनेक प्रकारका किटाणु जम्मा भएर विनाश हुन्छन् नि। त्यसरी नै आजको समयमा मानव पनि लामखुट्टे, कमिला सरह अकाल मृत्युको वशमा परिरहेका छन्। मानव र कमिलामा अन्तर नै रहेको छैन। यी सबै हिसाब-किताब सदाको लागि समाप्त गर्ने समुहमा अकाल मृत्युको तुफान समय-समयमा आइरहेका हुन्छन्।

त्यसो त धर्मराज पुरीमा सजायको पार्ट अन्त्यमा निश्चित गरिएको छ। तर त्यो सजाय केवल आत्माले आफैं भोग्छ र हिसाब किताब चुक्ता गर्छ। तर कर्मको हिसाब अनेक प्रकारमा पनि विशेष तीन प्रकारका हुन्छन्– एउटा हुन्छ आत्माले आफैं भोग्ने हिसाब, जस्तै बिमारी। स्वयं आत्माले तनको रोगद्वारा हिसाब चुक्ता गर्छ। यस्ता अरू पनि छन् दिमाग कमजोर हुनु अथवा कुनै प्रकारको भूतको प्रवेशता हुनु। यस्ता विभिन्न प्रकारका सजायद्वारा आत्मा स्वयंले हिसाब-किताब भोग्छ। अर्को छ सम्बन्ध सम्पर्कद्वारा दु:खको प्राप्ति। यो त जान्दछौ नि कसरी हुन्छ? तेस्रो छ प्राकृतिक विपत्तिद्वारा हिसाब-किताब चुक्ता हुनु। तीनै प्रकारको आधारले हिसाब-किताब चुक्ता भइरहेका छन्। त्यसैले धर्मराज पुरीमा सम्बन्ध र सम्पर्कद्वारा अथवा प्राकृतिक विपत्तिद्वारा हिसाब-किताब चुक्ता हुँदैन। ती सबै यहाँ साकार सृष्टिमा हुन्छन्। सारा पुरानो खाता सबैको खतम हुनु नै छ। त्यसैले यो हिसाब-किताब चुक्ता गर्ने कार्य अब तीव्रगतिले चल्नु नै छ। विश्वमा यो सबै हुनु नै छ।

बुझ्यौ? यो हो कर्मको गतिको हिसाब-किताब। अब आफूले आफैंलाई चेक गर– म ब्राह्मण आत्माको तीव्रगतिको तीव्र पुरुषार्थद्वारा सबै पुराना हिसाब-किताब चुक्ता भएका छन् वा अझै पनि केही बाँकी रहेको छ? पुरानो खाता अझै केही बाँकी रहेको छ वा समाप्त भयो, यसको विशेष निशानी थाहा छ? श्रेष्ठ परिवर्तनमा अथवा श्रेष्ठ कर्म गर्नमा कुनै पनि आफ्नो स्वभाव-संस्कारले विघ्न पार्छ अथवा जति चाहन्छौ, जति सोच्दछौ त्यति गर्न पाउँदैनौ, र यही बोल निक्लन्छ वा संकल्प मनमा चल्छ– नचाहेर पनि थाहा छैन किन यस्तो हुन्छ। थाहा छैन किन हुन्छ, स्वयंको चाहना श्रेष्ठ भएर, हिम्मत उल्लास भएर पनि परवश अनुभव गर्छन् र भन्छन्– यस्तो त गर्नु थिएन, सोचेको थिइन तर भयो। यसलाई भनिन्छ– स्वयंको पुरानो स्वभाव संस्कारको परवश वा कुनै सङ्गदोषको परवश वा कुनै वायुमण्डल वा प्रकम्पनको परवश। यी तीनै प्रकारका परवश स्थिति भयो भने नचाहेर पनि हुने, सोचेर पनि नहुने वा परवश बनेर सफलता प्राप्त नगर्ने– यी निशानी हुन् पहिलाका पुराना खाताका बोझ। यी निशानीद्वारा आफूले आफैंलाई चेक गर– कुनै पनि प्रकारको बोझले उड्तीकलाको अनुभवबाट तल त ल्याउँदैन? हिसाब चुक्ता अर्थात् हरेक प्राप्तिको अनुभवहरूमा उड्तीकला। अहिले नै प्राप्ति हुन्छ, त्यसैले बाँकी नराख। यही विधिले आफूले आफैंलाई चेक गर। दु:खमय दुनियाँमा त दु:खका घटनाहरूको पहाड खस्नु नै छ। यस्तो समयमा सुरक्षाको साधन हो नै "बाबाको छत्रछाया"। छत्रछाया त छँदै छ नि। अच्छा।

मिलन मेला मनाउन सबै आएका छौ। यहाँ मिलन मेलामा जतिसुकै दर्दनाहक दृश्य होस् तर मेला भएकोले खेल लाग्छ। भयभीत हुँदैनौ। मिलनको गीत गाइरन्छौ। खुशीमा नाचिरहन्छौ। अरूलाई पनि साहसको सहयोग दिन्छौ। स्थूलमा नाच्ने होइन, यो खुशीको नाँच हो। मेला सदा मनाइ रहन्छौ नि! रहन्छौ नै मिलन मेलामा। फेरि पनि मधुबनको मेलामा आएका छौ, बापदादा पनि यस्तो मेला मनाउने बच्चाहरूलाई देखेर हर्षित हुनुहुन्छ। मधुबनका श्रृङ्गार मधुबनमा पुगेका छौ। अच्छा।

यसरी सदा स्वयंको हिसाब-किताब चुक्ता गरेर अरूको हिसाब-किताब चुक्ता गराउने शक्तिस्वरूप आत्माहरूलाई, सदा दु:ख र दर्दनाहक वायुमण्डलमा रहेर पनि न्यारा र बाबाको प्यारा रहने रूहानी कमल पुष्पहरूलाई, सर्व आत्माहरू प्रति शुभ चिन्तक रहने श्रेष्ठ आत्माहरूलाई बापदादाको याद-प्यार एवं नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**टीचर बहिनीहरूसँग:–** (१) सेवाधारी हौ, टीचर होइन। सेवामा त्याग तपस्या समाहित भएको हुन्छ। सेवाधारी बन्नु अर्थात् खानीको अधिकारी बन्नु। सेवा यस्तो चीज हो जसबाट हर सेकेन्डमा भरपुर हुन्छौ। यति भरपुर हुन्छौ जुन आधाकल्प खाइनै रहने छौ। मेहनतको आवश्यकता हुँदैन– यस्तो सेवाधारी हौ। त्यो पनि रूहानी सेवाधारी, आत्मिक स्थितिमा स्थित भएर आत्माहरूको सेवा गर्ने, यसलाई भनिन्छ रूहानी सेवाधारी। यस्ता रूहानी सेवाधारीहरूलाई बापदादा सदा रूहानी गुलाबको टाइटल दिनुहुन्छ। त्यसैले सबै रूहानी गुलाब हौ जो कहिल्यै ओइलिदैनौ। सदा आफ्नो आत्मिक सुगन्धले सबैलाई ताजा गर्नेवाला हौ।

(२) सेवाधारी बन्नु पनि श्रेष्ठ भाग्य हो। सेवाधारी अर्थात् बाबा समान। जसरी बाबा सेवाधारी हुनुहुन्छ त्यस्तै तिमीहरू पनि निमित्त सेवाधारी हौ। बाबा बेहदको शिक्षक हुनुहुन्छ तिमीहरू पनि निमित्त शिक्षक हौ। त्यसैले बाबा समान बन्ने भाग्य प्राप्त छ। सदा यही श्रेष्ठ भाग्यद्वारा अरूलाई पनि अविनाशी भाग्यको वरदान दिदै जाऊ। सारा विश्वमा यस्तो श्रेष्ठ भाग्य धेरै कम आत्माहरूलाई छ। यो विशेष भाग्यलाई स्मृतिमा राख्दै समर्थ बनेर समर्थ बनाउदै जाऊ। उडाउँदै जाऊ। सदा स्वलाई अगाडि बढाउँदै अरूलाई पनि अगाडि बढाऊ। अच्छा।

**चुनिएका अव्यक्त महावाक्य – मायाजितको साथमा प्रकृतिजित बन**

तिमी बच्चाहरू मायाजित त बनि नै रहेका छौ तर प्रकृतिजित पनि बन किनकि अब प्रकृतिको हलचल धेरै हुनु छ। कहिले समुद्रको जलले आफ्नो आफ्नो प्रभाव देखाउने छ त कहिले धरनीले आफ्नो प्रभाव देखाउने छ। यदि प्रकृतिजित भयौ भने प्रकृतिको कुनै पनि हलचलले तिमीहरूलाई हल्लाउन सक्दैन। सदा साक्षी भएर सबै खेल हेरिरहने छौ। जति तिमी आफ्नो फरिश्ता स्वरूपमा अर्थात् उंच अवस्थामा हुन्छौ, त्यति हलचलदेखि स्वत: पर रहन्छौ। प्रकृतिजित बन्नु भन्दा पहिला कर्मेन्द्रिय जित बन तब प्रकृतिजित सो कर्मातीत स्थितिको आसनधारी सो विश्व राज्य अधिकारी बन्न सक्छौ। त्यसैले स्वयंसँग सोध– हर कर्मेन्द्रियले "हुन्छ हजुर" "हाजिर छु हजुर"

भन्छन्? तिम्रो मन्त्री, उपमन्त्रीले कतै धोका त दिँदैनन्?

तिमी बच्चाहरूसँग पवित्रताको धेरै महान शक्ति छ, जसले आफ्नो पवित्र मनसा अर्थात् शुद्ध वृत्तिद्वारा प्रकृतिलाई पनि परिवर्तन गर्न सक्छौ। मनसा पवित्रताको शक्तिको प्रत्यक्ष प्रमाण हो– प्रकृतिलाई पनि परिवर्तन। त्यसैले स्व परिवर्तनले प्रकृति र व्यक्तिलाई परिवर्तन गर्न सक्छौ। तमोगुणी मनुष्य आत्माहरू र तमोगुणी प्रकृतिको वायुमण्डल, प्रकम्पनबाट बच्ने सहज साधन हो, यो ईश्वरीय मर्यादा हो। मर्यादा भित्र रह्यौ भने मेहनतबाट बचिरहने छौ। मेहनत तब गर्नु पर्छ, जब मर्यादाको रेखाबाट संकल्प, बोल वा कर्म बाहिर निक्लन पुगिन्छ।

तिमीले सदा आफ्नो पूर्वजपनको स्थितिमा रहेर संकल्पद्वारा आदेश देऊ– पाँच विकार तिमीहरू आधाकल्पको लागि विदाई लेऊ, प्रकृति सतोप्रधान सुखदायी बनेर सबैलाई सुख पुर्याऊ। तब तिनीहरूले तिम्रो आदेश अनुसार कार्य गर्नेछन्। फेरि यो प्रकृतिले धोका दिन सक्दैन। तर पहिला स्वयंको अधिकारी बन, स्वभाव संस्कारको पनि अधिन नबन, जब अधिकारी हुन्छौ तब सबैले आदेश अनुसार कार्य गर्नेछन्। जसरी विज्ञानको शक्तिले प्रकृति अर्थात् तत्त्वहरूलाई आज पनि आफ्नो अधिनमा राखिरहेको छ, के तिमी ईश्वरीय सन्तान मास्टर रचयिता, मास्टर सर्वशक्तिमानको अगाडि यी प्रकृति र परिस्थिति दासी बन्न सक्दैनन्? जब विज्ञानको अणु शक्तिले महान कार्य गर्न सक्छ भने आत्मिक शक्ति, परमात्मा-शक्तिले के गर्न सक्दैन! सजिलै प्रकृति र परिस्थितिको रूप र गुण परिवर्तन गर्न सक्छ। सर्व विघ्नहरूबाट, सर्व प्रकारका परिस्थितिहरूबाट अथवा तमोगुणी प्रकृतिको विपत्तिहरूबाट सेकेन्डमा विजयी बन्नको लागि केवल एउटा कुरामा निश्चय र नशा रहोस्– "वाह रे म, म श्रेष्ठ ब्राह्मण आत्मा हुँ" यो स्मृतिमा रह्यो भने समर्थी स्वरूप बन्नेछौ।

जहिले पनि प्रकृतिद्वारा कुनै परीक्षा आउँछ तब यो किन, के... यस्तो हलचलमा नआऊ। हलचलमा आउनु अर्थात् फेल हुनु। जे होस्, तर भित्रबाट सदा यो आवाज निक्लियोस्– वाह मीठो ड्रामा। "हैन, यो के भयो?" यो संकल्पमा पनि नआओस्, ड्रामाको ज्ञानले स्वयंलाई यति मजबुत बनाऊ। मायाजित वा प्रकृतिजित बन्नको लागि समाहित गर्ने शक्तिलाई धारण गर। यसको लागि देखेर पनि नहेर, सुनेर पनि नसुन। अभ्यास गर– अहिले भर्खरै साकारी, अहिले भर्खरै आकारी र अहिले भर्खरै निराकारी। प्रकृतिको हलचल देखेर प्रकृतिपति बन, आफ्नो पूर्णविरामको स्थितिले प्रकृतिको हलचललाई समाप्त गर। तमोगुणीबाट सतोगुणी स्थितिमा परिवर्तन गर– यो अभ्यास बढाऊ।

संगममा नै प्रकृतिले सहयोगी बन्ने आफ्नो पार्ट आरम्भ गर्छ। सबै तिरबाट प्रकृतिपतिको र मास्टर प्रकृतिपतिको आह्वान गर्नेछन्। सबै तिरबाट सहयोग मिल्छ त्यसैले प्रकृतिको हरेक तत्त्वलाई देवताको रूपमा देखाएको छ। देवता अर्थात् दिनेवाला। अन्त्यमा यी सबै प्रकृतिका तत्त्वहरू तिमीहरू सबैलाई सहयोग दिने दाता बन्छन्। चारैतिर जतिसुकै कुनै तत्त्वद्वारा हलचल होस् तर जहाँ तिमी प्रकृतिको मालिक हुन्छौ त्यहाँ प्रकृति दासी बनेर सेवा गर्नेछ। केवल तिमी प्रकृतिजित बन। फेरि यो प्रकृतिले आफ्नो मालिकलाई सहयोगको माला पहिराउने छ। जहाँ तिमी प्रकृतिजित ब्राह्मणहरूको पाउ हुन्छ, स्थान हुन्छ त्यहाँ केही पनि हुन सक्नैन। फेरि सबै तिमीतिर स्थूल-सूक्ष्म सहारा लिनको लागि आउँछन्। तिम्रो स्थान आश्रयस्थल बन्ने छ। सबैको मुखबाट "अहो प्रभु, हजुरको लीला अपरमपार छ" यस्तो बोल निक्लने छ। "धन्य हो, धन्य हो, हजुरहरूले पाउनु भयो, हामीले जानेनौं, गुमायौं"। यस्तो आवाज चारैतिरबाट आउने छ। अच्छा! ओम् शान्ति।

**वरदान:–** **एक बाबालाई आफ्नो संसार बनाएर सदा एकको आकर्षणमा रहने कर्मबन्धन मुक्त भव**

सदा यही अनुभवमा रहने गर– एक बाबा दोस्रो न कोही। एक बाबा नै संसार हुनुहुन्छ, अरू कुनै आकर्षण छैन, कुनै कर्मबन्धन छैन। आफ्नो कुनै कमजोर संस्कारको पनि बन्धन नहोस्। जसले कसैमा मेरोपनको अधिकार राख्छ त्यस्तालाई क्रोध वा अभिमान आउँछ– यो पनि कर्मबन्धन हो। तर जब बाबा नै मेरो संसार हुनुहुन्छ र यो स्मृति रहन्छ भने सबै मेरो-मेरो एक मेरो बाबामा समाहित हुन्छ र कर्मबन्धनहरूबाट सहजै मुक्त हुन्छौ।

**स्लोगन:–** महान आत्मा ऊ नै हो, जसको दृष्टि र वृत्ति बेहदको हुन्छ।